# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

फोन नं. : ०९१-४१८०५९/४१८०६०
वेबसाइट : www.gauriganganmun.gov.np
ई-मेल : info.gauriganganmun@gmail.com


पत्र संख्या : २०८३/०८४
चलानी नं. :

गौरीगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौमाला, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## कार्यक्रम सञ्चालनार्थ आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१४)

यस कार्यालयको चालु आ.व २०८३/०८४ को कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अनुसार तपसिल उल्लेखित कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सहभागि हुन चाहाने ईच्छुक कृषक उद्यमि/कृषक समूह/सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (२०८३/०७/१७ गते) भित्र यस कार्यालयको कृषि विकास शाखामा तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क.सं | कार्यक्रमको नाम | विनियोजित बजेट रु. | एकाई | लक्ष्य | अनुदान प्रतिशत | कार्यक्रम बाट उपलब्ध हुने कृषि उपकरणहरु |
|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा व्यवसायीक कृषक समूहलाई कृषि यान्त्रिकरणमा अनुदान सहयोग कार्यक्रम | २५ लाख | पटक | १ | ५० प्रतिशत लागत साझेदारीमा | • पावर टिलर<br>• मिनि टिलर<br>• ईलेक्ट्रिक कर्न सेलर(मकै छोडाउने)<br>• पुस रो सिडर(मकै रोप्ने) |
| २. | लक्षित वर्गका कृषकहरुलाई १००% अनुदानमा टनेल निर्माण कार्यक्रम | १० लाख | पटक | १ | १०० प्रतिशत लागत साझेदारीमा | फलामे संरचना सहितको प्लाष्टिक घर निर्माण । |

**पेश गर्नुपर्ने आवश्यक कागजात तथा शर्तहरु**

- अनुसूची १ बमोजिम निवेदन र अनुसूची २ अनुसारको प्रस्तावना।
- कृषि उद्यमि/समूह/सहकारी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कृषक समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि।
- लाभग्राहीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
- कृषि यान्त्रिकरणमा अनुदान सहयोग कार्यक्रम अन्तर्गत पावर टिलरको हकमा १० विघा र मिनि टिलर लगायतका अन्य मेसिनरी उपकरणको हकमा ५ विघा क्षेत्रफल पुग्ने जमिनको आधिकारिता खुल्ने प्रमाणपत्र प्रतिलिपि।
- लक्षित वर्गका कृषकहरुलाई १००% अनुदानमा टनेल निर्माण कार्यक्रम अन्तर्गत एकल महिला/दलित/अपाङ्ग/मुक्त कमैया/कमलहरी/सिमान्तकृत समुदायिक/द्वन्द पिडित वर्गका कृषकले मात्र प्रस्ताव पेश गर्न सक्ने छन् र कार्यक्रममा सहभागी हुने चाहाने लक्षित कृषकहरुले प्रस्ताव पेश गर्दा सम्बन्धित निकायबाट जारी भएको आफ्नो परिचय पत्र अनिवार्य रुपमा राखु पर्नेछ।
- समूहको कुनै सदस्यले कृषि औजार तथा उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि।
- विगत ५ वर्ष यता माथि उल्लेखित प्रकृतिका कार्यक्रममा कुनै पनि निकायबाट अनुदान प्राप्त गरेका कृषि उद्यमि/समूह/सहकारीले प्रस्ताव पेश गर्न पाउने छैनन्।

गुमान सिं जोरा
कृषि शाखा प्रमुख
शाखा प्रमुख
कृषि विकास शाखा